नि.प्र.का. सप्तरी द.नं. ९२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक ९४ २०८२ साल कात्तिक २२ गते शनिबार (8 Nov 2025 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : सूत्र कार्यान्यवनमा ... ३ पृष्ठमा : राजनीतिक पाठशालाको ... ३ पृष्ठमा : भारतद्वारा सन् २०२७ का ...

## बजार बन्द गराउँदै सप्तरीका उधोगी व्यवसायी सडकमा



**दैनिक समाचारदाता**
**राजबिराज, २१ कात्तिक ।**
करदाता सेवा कार्यालय खारेजको बिरोध गर्दै सडक संघर्षमा उत्रेका सप्तरीका उधोगी व्यवसायीले शुक्रबार राजबिराजस्थित जिल्लाका प्रमुख बजार बन्द गराएका छन ।

बिहान १० बजेदेखी जिल्लाका प्रमुख बाजारमा भेला भएका उनीहरुले ठाउँ ठाउँमा टायर बालेर प्रर्दशन समेत गरेका छन ।

७२ हजार भन्दा बढी करदातालाई लक्षित गरी २०७५ सालमा स्थापना भएको राजविराजस्थित करदाता सेवा कार्यालयसँगै अन्य ३७ वटा त्यस्ता कार्यालय सरकारले खारेज गरेको छ । सरकारको उक्त निर्णयको बिरोध गर्दै आन्दोलनमा उत्रनु परको सप्तरी उधोग बाणिज्य संघका महासचिव अमृत संचेतीको भनाई छ ।

"नेपाल सरकारले तोकेको लक्ष्य भन्दा बढी राजश्व संकलन गरिरहेको अवस्थामा यहाँबाट उक्त कार्यालय हटाउनु आश्चर्यको बिषय हो, महासचिव संचेतीले भने- यहाँका उधोगी व्यवसायीलाई मारमा पर्ने गरी गरिएको निर्णय सच्याइयोस होइन भने थप सशक्त आन्दोलनका कार्यक्रमहरु अघि बढाइने छ ।"

मन्त्री परिषदको मिति २०८२ साल कार्तिक १७ गतेको बैठकबाट राजबिराजस्थित उक्त कार्यालय सिरहाको लहानस्थित आन्तरिक राजश्व कार्यालयमा गाभ्ने निर्णय भएको उनको भनाई छ । सरकारको नीति अनुसार लक्ष्य भन्दा बढी झण्डै बार्षिक १ सय करोड रुपैया राजश्व संकलन गरिरहेको अवस्थामा पनि उधोगी व्यवसायीलाई अनावश्यक दुःख दिने नियतले कार्यालय सार्न लागिएको उधोगी व्यवसायीको आरोप छ ।

## नेता कार्यकर्तालाई पार्टीमा फर्किन अध्यक्ष यादवको आह्वान

**दैनिक समाचारदाता**
**राजविराज, २१ कात्तिक ।**
जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले विगतमा विभिन्न कारण र कालखण्डमा दल छाडेका सम्पूर्ण नेता तथा कार्यकर्तालाई मूलधारमा फर्कन आह्वान गरेका छन् ।

ललितपुरको इमाडोलमा अध्यक्ष यादवको अध्यक्षतामा सम्पन्न केन्द्रीय समिति बैठकले विगतमा पार्टीको श्रीवृद्धि र आन्तरिक जीवनमा ठूलो योगदान पुऱ्याएका कार्यकर्तालाई पुरानो घरमा फर्किन आह्वान गर्ने निर्णय गरेको जानकारी दिए ।

"पार्टी स्थापनाकालदेखि विगतमा जे-जस्तो कारणले असन्तुष्ट भएर पार्टी छाडे पनि पुरानै घरमा फर्किन आह्वान गर्द(स्छु", अध्यक्ष यादवले भने, "जसपा नेपाल हामी सबैको साझा सङ्गठन भएकाले जुनै कारणले पार्टी परित्याग गरे पनि पुनः फर्किन कसैले अप्ठ्यारो मान्नु पर्दैन ।"

अध्यक्ष यादवले पार्टीमा फर्कने नेता तथा कार्यकर्तालाइ क्षमता, दक्षता, भूमिका र योग्यताअनुसार पार्टीमा उचित स्थान र जिम्मेवारी दिइने स्पष्ट पारे । उनीहरूको स्वागतका लागि पार्टीको ढोका खुला रहेको अध्यक्ष यादवले स्पष्ट पारे ।

## करदाता सेवा कार्यालय खारेजको बिरोधमा २२ गतेदेखि २७ गतेसम्म हस्ताक्षर संकलन गरिने

**दैनिक समाचारदाता**
**राजविराज, २१ कात्तिक ।**
सप्तरी उद्योग बाणिज्य संघले नेपाल सरकार मन्त्री परिषद कात्तिक १७ गतेको निर्णयले जिल्लामा स्थापित करदाता सेवा कार्यालय खारेजको बिरुद्ध बिरोधका कार्यक्रम घोषणा गरेको छ ।

संघका अध्यक्ष लालुप्रसाद अग्रवालद्वारा शुक्रबार जारि विज्ञप्तिमा २२ गतेदेखि २७ गतेसम्म बिहान ९ बजेदेखि बेलुका ४ बजे सम्म स्थानिय गजेन्द्र नारायण सिंह चौकमा सेतो तुल राखी हस्ताक्षर संकलन गर्ने, २२ गतेदेखि २७ गते सम्म दिउँसो २ बजेदेखी बेलुका ५ बजे सम्म स्थानिय गजेन्द्र नारायण सिंह चौकमा धर्ना प्रदर्शन गर्ने बिरोधका कार्यक्रमहरु तय गरिएको उल्लेख छ ।

यस्तै २७ गते ४ बजे संकलित हस्ताक्षरको तुल गजेन्द्र नारायण सिंह चौकबाट मौन जुलुससहित प्रमुख जिल्ला अधिकारी मार्फत अर्थ मन्त्रीलाई बुझाउने कार्यक्रम रहेको विज्ञप्तिमा जनाइएको छ ।

उक्त बिरोधका कार्यक्रमहरुका लागि सुरेन्द्र यादवको संयोजकत्वमा ९ सदस्यीय समिति समेत गठन गरिएको छ । जसमा सदस्यहरु वैजनाथ जोशी, सचिन्द्र दास, सन्तोष कुमार सिन्हा, सुरेन्द्र प्रसाद साह, भोगेन्द्र मिश्र, जितेन्द्र प्रसाद गुप्ता, बिजय देव र निर्मल कुमार मुन्धडा रहेका छन् ।

## मेरो चरित्रहत्या र भ्रम फैलाउने प्रयास भयो : मेसु डा. साह

**दैनिक समाचारदाता**
**राजविराज, २१ कात्तिक ।**
राजविराजस्थित गजेन्द्र नारायण सिह अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा. प्रकाश साहले आफुसँग जोडेर चरित्र हत्या र भ्रम फैलाउने प्रयास भएको गुनासो पोखेका छन ।

दुई दिन अघि "पब्लिक खबर २४" नामको फेसबुक पेजमा डा.साह र एक यूवतीबीचको फोन सम्वादको अडियो सार्वजनिक गरिएपछि शुक्रवार पत्रकार सम्मेलनको आयोजना गरी उनले यस्तो गुनासो पोखेका हुन ।




आफ्नो सरुवा र थमौती प्रकरणलाई प्रभावित बनाउन र चरित्र हत्या गर्ने मनसायका साथ यसरी हुदै नभएको सम्वाद अडियो मार्फत सार्वजनिक गरिएको उनको दाबी छ ।

"मंगलवार मेरो सरुवा भयो भोली पल्टै बुधवार थमौती भो", उनले भने-"सोही राती पब्लिक खबर २४ नामको

***बाँकी तीन पृष्ठमा***

## 'नवजात शिशुको २८ दिन भित्र आँखाको परीक्षण अनिवार्य'

काठमाडौँ, २१ कात्तिक (रासस) ।
चिकित्सकले निर्धारित समय अघि नै जन्मिएका नवजात शिशुको २८ दिनभित्र आँखाको परीक्षण अनिवार्य गर्नुपर्ने बताएका छन् । समयअघि नै जन्मिएका नवजात शिशुको हकमा 'रेटिनोप्याथी अफ प्रिम्यच्युरिटी' ( आरओपी) जस्ता आँखाको रोगको जोखिम उच्च हुने भन्दै परीक्षण अनिवार्य गर्नुपर्नेमा जोड दिइएको हो ।

तिलगङ्गा आँखा प्रतिष्ठानमा बिहीबार आयोजित 'मधुमेहले आँखामा पार्ने असर तथा नवजात शिशुमा हुने आँखाको पर्दासम्बन्धी समस्या'बारे सञ्चारकर्मीसँग अन्तरक्रियामा आँखा रोग विशेषज्ञ (मेडिकल रेटिना कन्सलटेन्ट) डा इली प्रधानले समयपूर्व जन्मिएका शिशुका लागि २८ दिनभित्र 'आरओपी' को परीक्षण अनिवार्य रहेको र समयमै उपचारले जीवनभरको दृष्टि हानि हुनबाट बचाउन सकिने बताउनुभयो ।

डा प्रधानका अनुसार विश्वभर प्रत्येक १० मध्ये एक शिशु समय अगावै जन्मिन्छ र नेपालमा यीमध्ये ३० प्रतिशत शिशुमा आरओपी भएको पाइन्छ । डा प्रधानले ९ महिना नपुगि जन्मिएको, दुई किलोभन्दा कम तौल भएको, नवजात शिशु सघन उपचार कक्ष (एनआइसियू) मा धेरै दिन भर्ना गरेर राखेको बच्चामा आँखाको उक्त समस्या हुन सक्ने जानकारी दिनुभयो ।

यसैगरी आँखा रोग विशेषज्ञ (भिट्रो रेटिनल सर्जन) डा रबा थापाले मधुमेहले आँखामा पार्ने असर (डाइबेटिक रेटिनोप्याथी) बारे चर्चा गर्दै मधुमेह भएका व्यक्तिका लागि नियमित आँखा परीक्षण

***बाँकी अन्तिम पृष्ठमा***

**मधुमेह (डायबिटिज) रोगबाट बचौं ।**

मधुमेहले,
- शरीरका विभिन्न अंगमा क्षति पुऱ्याउने,
- मुटु र मिर्गौंलाले काम नगर्ने,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ ।

त्यसैले मधुमेहबाट बच्न,
- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य परिकार कम खाऔं,
- जङ्क फुड तथा तारेका, भुटेका पदार्थहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,
- प्रशोधित खानाहरु नखाऔं,
- तनाव व्यवस्थापन गरौं,
- नियमित स्वास्थ्य परीक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### करदाता सेवा कार्यालय खारेज : कति को उचित ?

सरकारले देशभरका करदाता सेवा कार्यालय मध्ये ३८ वटा कार्यालय खारेज गर्ने निर्णय गरेको छ। यो निर्णयले कर प्रणाली सरल र प्रभावकारी बनाउने दाबी गरे पनि यसले करदाताहरूमा अनिश्चितता र असन्तोष बढाएको छ। नेपालको कर प्रशासन विगत केही वर्षयता डिजिटलाइजेसन र संरचनागत सुधारको प्रक्रियामा छ। सेवा एकीकृत गर्ने उद्देश्यले केही साना कार्यालयहरू अन्य ठूला कार्यालयमा गाभ्ने निर्णय सरकारको हो। तर, ग्रामीण वा अर्धशहरी क्षेत्रका करदाताको दृष्टिले यो निर्णय सुविधाभन्दा बढी असुविधा साबित हुने देखिन्छ। स्थानीय स्तरमै सेवा पाउने सुविधा हराउँदा, कर तिर्न र परामर्श लिन लामो यात्रा गर्नुपर्ने अवस्था आउन सक्छ।

कर प्रणाली पारदर्शी र नागरिकमैत्री बनाउन सरकारको प्रयास स्वागतयोग्य छ। तर सुधारको नाममा जनताका पहुँच घटाउने निर्णय नीति निर्माणको त्रुटिपूर्ण दृष्टान्त हो। राज्यले करदाताको सुविधा सुनिश्चित नगरी कार्यालय खारेज गर्नुले "सेवा प्रवाह सुदृढीकरण" भन्दा पनि "केन्द्रिकरण" बढाउने खतरा छ।

सुधारका नाममा असन्तुलन सिर्जना गर्नु राम्रो शासनको लक्षण होइन। कर प्रशासन सुधार गर्न आवश्यक हो भने, सूचना प्रविधि विस्तार, जनशक्ति सुदृढीकरण र सेवा प्रवाहको प्रभावकारितामा जोड दिनुपर्छ न कि कार्यालयहरू नै बन्द गर्नेमा। तसर्थ करदाता सेवा कार्यालय खारेजको निर्णयलाई पुनर्विचार गर्न जरुरी छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# "सूत्र" कार्यान्वयनमा समस्या : एकअर्कालाई दोषारोपण गर्दै मलेनिका र पालिका

**हेमन्त जोशी**

काठमाडौँ, २१ कात्तिक (रासस)।

विसं २०७६ वैशाख १७ गते मन्त्रिपरिषद्ले सबै स्थानीय तहमा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) अनिवार्य रुपमा लागू गर्ने निर्णय गऱ्यो। यो निर्णयको उद्देश्य स्थानीय तहमा पारदर्शिता, एकरूपता र डिजिटल लेखा प्रणालीको विकास थियो। तर, साढे छ वर्षभन्दा बढी समय बितिसक्दा पनि 'सूत्र' प्रणाली पूर्ण रूपमा लागू हुन सकेको छैन।

सूत्र प्रणालीमा स्थानीय तहको आयव्ययको अनुमान, बजेट स्वीकृति, धरौटी, राजस्व बाँडफाँट, तलबी विवरण, राजस्व तथा अनुदानलगायत विवरण राखिन्छन्। तर स्थानीय तहले ती विवरण सूत्र प्रणालीमा राख्नेभन्दा पनि निजी क्षेत्रबाट खरिद गरी आफ्नो छुट्टै सफ्टवेयर प्रणालीलाई बढावा दिँदा पूर्ण रुपमा कार्यान्वयन हुन नसकेको हो। यस अवस्थाले सङ्घीयता कार्यान्वयनमा मात्र नभई स्थानीय तहको वित्तीय अनुशासन र सुशासनमा गम्भीर प्रश्न उठाएको छ।

महालेखा नियन्त्रक कार्यालय (मलेनिका)का अनुसार अधिकांश पालिकाले आफ्नो बजेट (आय-व्यय)को अनुमान सूत्र प्रणालीमार्फत व्यवस्थापन गर्न थालिसकेका छन्। तर, राजस्व बाँडफाँटको काम ९० वटा पालिकाबाट मात्रै सूत्र प्रणालीबाट हुन्छ। त्यस्तै, तलबी विवरण ६८३ वटा पालिकाले यस प्रणालीबाट व्यवस्थापन गरिरहेका छन्। राजस्व मोडल पूर्ण रुपमा कार्यान्वयन गर्ने पालिकाको सङ्ख्या ५८३ छ भने ६४० वटा पालिकाले आंशिक रुपमा मात्रै प्रयोगमा ल्याएका छन्।

मलेनिकाबाट सञ्चालन र व्यवस्थापन भइरहेको सूत्र प्रणाली लामो समयसम्म पनि पूर्ण रुपमा कार्यान्वयनमा आउन नसक्नुमा मलेनिका र स्थानीय तहका आआफ्नै तर्क छन्। यद्यपि, प्रणाली सञ्चालनका लागि आर्थिक तथा प्राविधिक चुनौती, दक्ष जनशक्ति अभाव, स्थानीय तहको अटेरीपन, मलेनिकाको कमजोर पहलकदमीजस्ता समस्या ज्युँकात्युँ छन्।

दूरदराज र कमजोर स्रोतसाधन भएका स्थानीय तह मात्र नभई सुविधासम्पन्न पालिकालेसमेत सूत्र प्रणालीलाई पूर्ण रुपमा कार्यान्वयन गरेका छैनन्। देशका छवटै महानगरपालिकाले सूत्रलाई पूर्ण रुपमा कार्यान्वयन गर्ने तदारुकता देखाएका छैनन्। तुलनात्मक रुपमा पोखरा महानगरपालिकाको प्रगति देखिए पनि अरु महानगरले भने आफ्नो छुट्टै राजस्व प्रणाली चलाइरहेका छन्।

वीरगञ्ज महानरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णका अनुसार निजी क्षेत्रबाट सेवा लिइरहेको सफ्टवेयर पहिल्यैदेखि सञ्चालन भइरहेको र त्यसको डाटा सूत्र प्रणालीमा सार्न कठिनाइ भएका कारण समस्या देखिएको छ। "हामीले पहिल्यैदेखि निजी क्षेत्रबाट सेवा लिएर सफ्टवेयर प्रयोग गरिरहेका छौँ। त्यो प्रणालीमा काम गरिरहेको र सजिलो पनि भएका कारण अहिले पनि निरन्तर छ", उहाँले भन्नुभयो, "सूत्र प्रणालीमा जानका लागि समस्या छैन। तर डाटा सार्न समय लाग्छ। सुरक्षित रुपमा तथ्याङ्क प्रणालीमा प्रविष्ट हुनुपर्‍यो।"

वीरगञ्ज महानगरपालिकाले वार्षिक करिब रु साढे दुई लाख खर्च गरेर निजी क्षेत्रको साङ्ग्रिला सफ्टवेयर प्रयोग गर्दै आएको छ। चालु आर्थिक वर्षका लागि पनि सम्झौता भइसकेकाले यस वर्ष पूर्ण रुपमा सूत्र प्रणालीमा जान समस्या हुने महानगरपालिकाको भनाइ छ। त्यस्तै, प्राविधिक समस्या पनि उत्तिकै छन्।

महानगरपालिकाको राजस्व व्यवस्थापन महाशाखाका इञ्जिनियर मनोज कर्णले लेखाशाखा र राजस्व शाखाले फरकफरक बैंकमार्फत कारोबार गरेकोदेखि सूत्र प्रणालीमा तथ्याङ्क सार्न नसकेको र फाइलहरु अपलोड गर्न नसकेको सम्मका समस्या त्यहाँ छन्। जसकारण सूत्र प्रणालीलाई आंशिक रुपमा प्रयोग गर्दै गए पनि तत्काल सबै काम यही प्रणालीबाट गर्न नसकिने र पुरानो सफ्टवेयर बन्द गर्ने अवस्था नरहेको उहाँको भनाइ छ।

"हामीले प्रयोग गरिरहेको सफ्टवेयरको डाटा प्रविष्टि प्रणाली र सूत्रको प्रणाली फरक छ। हामीसँग २०५५ सालदेखिको राजस्व बक्यौता बाँकी छ। जसलाई सूत्रले चिन्दैन। पुरानै प्रणालीबाट हेर्नुपर्ने हुन्छ। यसकारण अहिले तत्काल सूत्र प्रणाली मात्रै चलाउनसक्ने अवस्था छैन", उहाँले भन्नुभयो। त्यस्तै, सूत्र प्रणालीमा फाइल पिडिएफ वा अन्य डिजिटल फर्म्याटमा राख्न नमिल्ने भएका कारण पनि पुरानै सफ्टवेयरलाई निरन्तरता दिइएको उहाँले उल्लेख गर्नुभयो।

लामो प्रयास गर्दा पनि महालेखा नियन्त्रक कार्यालयले 'डाटा माइग्रेसन' नगरिदिएपछि सूत्र प्रणाली पूर्ण कार्यान्वयन गर्न नसकेको गुनासो विराटनगर महानगरपालिकाको छ। सम्पत्ति करको ३०-३५ वर्षदेखिको बक्यौताको विवरण सूत्र प्रणालीमा प्रविष्टि गर्न नसकेपछि महानगरले पुरानै सफ्टवेयरबाट काम गरिरहेको छ। त्यस्तै सूत्र प्रणालीमा प्राविधिक समस्या देखिएमा तत्काल समाधान गर्न कठिन हुने गरेको गुनासो पनि स्थानीय तहहरुले गर्दै आएका छन्।

नेपाल नगरपालिका सङ्घका अध्यक्ष तथा नीलकण्ठ नगरपालिकाका नगरप्रमुख भीमप्रसाद ढुङ्गाना सूत्र प्रणालीमा पटकपटक समस्या आउन थालेको भनेर देशभरका नगरपालिकाबाट लामो समयदेखि गुनासो गरिरहेको बताउनुहुन्छ। "केही समय अगाडि रातिको समयमा मात्रै चल्थ्यो, जसकारण हामीले रातमा चेक काट्नुपर्ने हुन्थ्यो। अहिले रातमा पनि चल्न छाडेको छ। धेरै ठाउँबाट सूत्र सुस्त (स्लो) भयो भनेर गुनासो आइरहेका छन्। यसबारे मैले मलेनिकालाई पटकपटकभन्दा पनि समस्या समाधान हुन सकेको छैन", ढुङ्गानाले भन्नुभयो। करिब २१ हजार हाराहारी करदाता रहेको नीलकण्ठ नगरपालिकाले पहिलो चरणमा वडा नं ३, ८, १२ को राजस्व सङ्कलन सूत्र प्रणालीबाटै गर्ने तयारी थालेको थियो। उक्त नगरपालिकाले आफैं सञ्चालन गरिरहेको प्रणालीको तथ्याङ्क तथा विवरण सार्न (डाटा माइग्रेसन) का लागि महालेखालाई दुई पटकसम्म पत्राचार गर्दा पनि त्यसको प्रतिक्रिया नपाएको गुनासोसमेत गरेको छ।

सूत्र प्रणाली लागू गर्नु भनेर पटकपटक परिपत्र गर्ने गरेको भए पनि स्थानीय तहलाई बाध्यकारी बनाउन नसकेको तर्क महालेखा नियन्त्रक कार्यालयको छ। उपमहालेखा नियन्त्रक यज्ञप्रसाद ढकालका अनुसार सूत्र कार्यान्वयन नगरे कुनै कारबाही गर्ने प्रावधान छैन। जसकारण स्थानीय तहले अटेरी गर्ने, समयमा तथ्याङ्क उपलब्ध नगराउनेलगायत समस्या छन्। त्यस्तै, प्रणालीको कमजोर प्राविधिक क्षमता र जनशक्ति अभावलाई पनि ढकाल कारण मान्नुहुन्छ।

"सूत्र प्रणाली पूर्ण रुपमा कार्यान्वयनका लागि हामीले सबैभन्दा बढी क्षमता विकास र पूर्वाधारमा लगानी गर्नुपर्ने देखिएको छ। दक्ष जनशक्ति पनि पर्याप्त छैन", उहाँले रासससँग भन्नुभयो। अहिले पनि सूत्र प्रणालीमा दैनिक औसत पाँच हजारदेखि छ हजार प्रयोगकर्ताले चलाइरहेका हुन्छन्। यसको क्षमता बढाएर औसत १५ हजार जनाले चलाउँदा पनि प्रणालीमा समस्या नहुने गरी तयार पार्न आवश्यक रहेको उपमहालेखा नियन्त्रक ढकाल बताउनुहुन्छ। त्यस्तै, स्थानीय तहलाई यो प्रणाली कार्यान्वयन गर्न बाध्यकारी बनाउने र त्यसका लागि केही हस्तक्षेप गर्ने हो भने सुधार हुने अपेक्षा उहाँले व्यक्त गर्नुभयो।

सूत्र कार्यान्वयनबाट राजस्वको पारदर्शिता, सञ्चित कोषमा हुने अनियमितता नियन्त्रण, एकीकृत वित्तीय तथ्याङ्क प्रणालीको विकास, नीति निर्माणका लागि सही तथ्याङ्कमा आधारित निर्णय, लेखापरीक्षणलगायत प्रक्रियालाई सहज बनाउने लक्ष्य राखिएको थियो। उक्त प्रणाली कार्यान्वयनमै समस्या देखिएपछि यी लक्ष्य प्राप्तिमा चुनौती थपिएको छ। महालेखापरीक्षकको बासट्ठीऔँ प्रतिवेदनलेसमेत सूत्र प्रणाली प्रभावकारी कार्यान्वन हुन नसक्दा स्थानीय तहको वित्तीय विवरणको विश्वसनीयता माथि नै प्रश्न उठाएको छ।

"महालेखा नियन्त्रक कार्यालयले स्थानीय तहको कोष व्यवस्थापनका लागि सूत्रको प्रयोग गरे तापनि राजस्व, धरौटी तथा विभिन्न कोष उक्त प्रणालीमा पूर्ण रुपमा समावेश भएको छैन", महालेखापरीक्षकको प्रतिवेदनमा भनिएको छ, "स्थानीय तहले स्थापना गरेका धरौटीसमेतका विभिन्न कोष सूत्रमा आबद्ध नहुँदा प्रणालीबाट तयार हुने वित्तीय विवरणको विश्वसनीयता कम भएको हुनाले सबै कारोबारलाई प्रणालीमा समावेश गर्नुपर्छ।"

**सम्भावित जोखिम र अबको कार्यदिशा**

स्थानीय तहहरूले मनपरी सफ्टवेयर वा म्यानुअल प्रणालीमार्फत सञ्चित कोष व्यवस्थापन गर्दा वित्तीय अनियमितता लुकाउने ठाउँ रहन्छ। लेखापरीक्षण गर्न कठिन हुन्छ र सम्पूर्ण तथ्याङ्क समेटिएको केन्द्रीय ड्यासबोर्ड बन्न सक्दैन। निजी क्षेत्रबाट सञ्चालित प्रणाली चलाउँदा तथ्याङ्कमा तलमाथि हुनसक्ने र हराउने जोखिम रहनेहुँदा त्यस्ता सफ्टवेयरलाई विश्वसनीय मान्न नसकिने उपमहालेखा नियन्त्रक ढकाल बताउनुहुन्छ। सूत्र प्रणाली पूर्ण रुपमा कार्यान्वयन गर्दा निजी सफ्टवेयर खरिद, मर्मतसम्भार तथा सेवा शुल्कका रुपमा हुने जथाभावी खर्च पनि नियन्त्रण हुने विश्वास उहाँले व्यक्त गर्नुभयो।

त्यस्तै, तहगत सरकारबीचको समन्वय नहुँदा तथ्याङ्क दोहोरिने विसङ्गति देखिन सक्छ। जसकारण गलत सूचना तथा तथ्याङ्कका आधारमा नीति तथा वार्षिक बजेटलगायत योजना बन्ने जोखिम पनि उत्तिकै छ। जब वित्तीय प्रणालीमै विकेन्द्रीकरण छैन वा त्यसमा पारदर्शिता छैन भने सङ्घीयता केवल नाम मात्रको रहन्छ। यस्तो प्रणालीविहीन अवस्थाले अन्ततः सङ्घीय शासनमा जनताको विश्वास डगमगाउने सम्भावना रहन्छ।

यसरी सूत्र कार्यान्वयनमा देखिएको ढिलाइका पछाडि सबै तह उत्तिकै जिम्मेवार देखिन्छन्। सङ्घीय सरकारले नीतिनिर्माण, सफ्टवेयर निर्माण तथा अनुगमन, प्रदेश सरकारले प्राविधिक तथा प्रशासनिक समन्वय र स्थानीय सरकारले कर्मचारीको क्षमता विकास तथा प्रणालीको नियमित प्रयोग कार्यलाई प्राथमिकता दिनुपर्ने देखिन्छ। सङ्घीय सरकारले कार्यान्वयन निर्देशिका, स्पष्ट समयसीमा र परिणामअनुसार मूल्याङ्कन प्रणाली ल्याउन पनि उत्तिकै जरुरी छ।

'सूत्र' प्रणाली लागू गर्नु भनेको केवल एक प्रविधि प्रयोग गर्नुमात्र होइन, यो त स्थानीय तहका लागि वित्तीय अनुशासन, पारदर्शिता र सुशासनको महत्वपूर्ण आधार हो। तर मन्त्रिपरिषद्बाटै भएको निर्णय कार्यान्वयनमा लैजान छ वर्षभन्दा बढी समय लाग्नुले सरकारी संयन्त्रको अकर्मण्यता र जवाफदेहीहीनता उजागर गरेको छ।

# राजनीतिक पाठशालाको सन्देश

**डा दीपेन्द्र रोकाया**

काठमाडौँ, २१ कात्तिक (रासस)।

नेपाल आज पुनःएक ऐतिहासिक सङ्क्रमणको चौराहामा उभिएको छ। गणतन्त्र, सङ्घीयता र लोकतन्त्रको संस्थागत यात्रामार्फत देशले राजनीतिक रूपान्तरण र अनुभव गर्‍यो, तर स्थायित्व र सुशासनका अपेक्षित परिणाम अझै हासिल गर्न सकेको छैन। संविधानले राजनीतिक ढाँचा र शासन व्यवस्थाको आधार तय गरिसकेको भए पनि त्यसको प्रभावकारी कार्यान्वयनमा अझै चुनौती बाँकी छ।

मुलुकले रूपान्तरणको स्वाद चाखिसकेको छ, तर अब स्थायित्व, सुशासन र जनउत्तरदायित्वको यात्रामा प्रवेश गर्नुपर्ने आवश्यकता तीव्र बनेको छ।

यसबीच, नेपालको राजनीति फेरि उथलपुथलको नयाँ चरणमा प्रवेश गरेको छ। प्रमुख दलभित्र सङ्गठनात्मक सङ्कट, वैचारिक द्वन्द्व र नेतृत्वको पुनसंरचना तीव्र बनेका छन्। सत्ताको समीकरणमा हुने बारम्बारको फेरबदलले जनताको भरोसा कमजोर बनाएको छ। यसैबीच, युवा पुस्ताबाट उठेको जेनजी आन्दोलनले दल-राज्य सम्बन्ध र जन-राजनीतिक चेतनामा नयाँ चुनौती र सम्भावना दुवै सिर्जना गरेको छ। यो आन्दोलनले पुरानो राजनीतिक संस्कृतिमा वैकल्पिक सोचको प्रवेश गराएको छ।

यस पृष्ठभूमिमा नेपाल साँच्चिकै एउटा राजनीतिक पाठशाला बनेको छ। जहाँ हरेक असफलता, आन्दोलन र सत्तापरिवर्तनले नयाँ पाठ सिकाइरहेको छ। कतिपयले यसलाई राजनीतिक प्रयोगशाला भन्छन्, तर यथार्थमा राजनीतिशास्त्रको विद्यार्थी हुनुले भन्नै पर्दछ- नेपाल लोकतन्त्र, सङ्घीयता र समाजवादोन्मुख शासनको अभ्यासको गतिशील विद्यालय बन्न गएको छ। स्थापित प्रमुख दलले अहिले आन्तरिक सङ्कटको सामना गरिरहेका छन्। नेतृत्वमा उत्तराधिकारको स्पष्ट नीति छैन, वैचारिक आधार कमजोर छ, साङ्गठनिक एकता गुटबन्दीले ग्रसित छ र कार्यकर्ता स्तरमा निराशा बढ्दो छ। महाधिवेशनका माग तीव्र छन्, तर ती बहसका मञ्चभन्दा औपचारिकता बन्न पुगेका छन्। पुराना सबै दलले समाजवादोन्मुख, प्रगतिशील र जनमुखी नारा लगाइरहेका छन्, तर व्यवहारमा नीति र कार्यक्रममा वैचारिक स्पष्टता छैन। राजनीतिक विचारभन्दा शक्ति सन्तुलन र गठबन्धनको अङ्कगणित प्रमुख बनेको छ।

पछिल्ला वर्षमा सबै दलभित्र फुटजुटको शृङ्खला दोहोरिरहेको छ। यी फुटहरू विचारका कारण होइनन्, अवसर र व्यक्तिगत महत्वाकाङ्क्षाका कारण हुन्। यसले दलहरूको आन्तरिक स्थायित्व कमजोर बनाएको छ र राज्यसत्तामा अस्थिरता निम्त्याएको छ। दलभित्र पद, अवसर र जवाफदेहिता नहुँदा कार्यकर्ता निराश छन्। युवाको ठूलो हिस्सा वैकल्पिक आन्दोलनतर्फ मोडिँदैछन्। कोही स्वतन्त्र अभियानमा, कोही नागरिक दबाब समूहमा, कोही प्रत्यक्ष सडक आन्दोलनमा देखिनुका कारण नै यही हो। यसले दलमुखी राजनीतिमा अविश्वास बढाएको छ।

यही सन्दर्भमा जेनजी आन्दोलनलाई बुझ्नुपर्छ। यो आन्दोलन कुनै दलको निर्देशनमा होइन, स्वतःस्फूर्त रूपमा युवाको असन्तोषको विस्फोट थियो। बेरोजगारी, भ्रष्टाचार, नातावाद र अवसर-अभावले युवापुस्तालाई आक्रोशित बनाएको थियो। जब सरकारले अभिव्यक्तिको स्वतन्त्रता र सामाजिक सञ्जालमा नियन्त्रण गर्ने प्रयास गर्‍यो, तब जनचेतनामा आगो बल्यो। यो आन्दोलनले स्पष्ट सन्देश दिएको छ कि अब युवा केवल दर्शक होइन, परिवर्तनका चालक शक्ति हुन्। सकारात्मक रूपमा हेर्दा, जेनजी आन्दोलनले उत्तरदायी नागरिक चेतनाको विकास गराएको छ। राज्यसत्ता र नागरिकबीचको सम्बन्ध पुनःपरिभाषित भएको छ।

राजनीतिक दलहरूका लागि यो चेतावनी र अवसर दुवै हो। यदि तिनीहरूले युवाको आवाज आत्मसात् गर्नसके भने पुनर्जीवनको सम्भावना छ, अन्यथा जनविश्वास झन् टाढा जानेछ। नेपालको राजनीति सधैँ क्षेत्रीय र अन्तरराष्ट्रिय शक्ति केन्द्रहरूको दृष्टिमा रहँदै आएको छ। भारत, चीन र पश्चिमी मुलुकहरूले नेपालको राजनीतिक प्रक्रियामा प्रभाव पार्ने प्रयास नगरेका होइनन्। तर अहिलेको असन्तुलनको मुख्य कारण विदेशी चलखेल भनेर चर्चा गर्नुभन्दा पनि आन्तरिक कमजोरी हो भनी स्वीकार्नु पर्दछ। वैचारिक अस्पष्टता, नीतिगत अस्थिरता र भ्रष्टाचारले विदेशी हस्तक्षेपका ढोका आफैँ खोलिदिएका छन्। त्यसैले जिम्मेवारी नेपाली नेतृत्वकै हो। जसले राष्ट्रिय हित, स्वायत्त नीति र जनअपेक्षाबीच सन्तुलन कायम गर्नुपर्छ। नेपालको राजनीतिक रूपान्तरणको आगामी चरण दलभित्रको सुधारमा निर्भर छ। राज्यका संयन्त्रहरू दल प्रधान छन्। त्यसैले स्थायित्वको आधार पनि दलहरूको आन्तरिक स्थायित्व हो। निर्वाचन समयमै हुनुपर्छ; जनमत प्राप्त नेतृत्व नै स्थिर सरकारको आधार हो। ढिलाइ र असंवैधानिक उपायले लोकतन्त्रको अभ्यासलाई कमजोर बनाउँछ। दलहरूको साङ्गठनिक लोकतन्त्र केवल विधानमा होइन, व्यवहारमा देखिनुपर्छ। पार्टीका महाधिवेशन केवल पद बाँडफाँटको औपचारिकता होइन, विचार र नीतिको प्रतिस्पर्धा हुने मञ्च हुनुपर्छ। नेतृत्व हस्तान्तरणको स्पष्ट प्रक्रिया र नयाँ पुस्ताको सहभागिता सुनिश्चित गर्नसकेमात्र दलहरूको पुनर्जागरण सम्भव हुन्छ।

राजनीतिक सङ्घीयता मात्र होइन, प्रशासनिक र वित्तीय सङ्घीयता पनि कार्यान्वयन हुनुपर्छ। प्रदेश र स्थानीय तहलाई अधिकार, स्रोत र स्वतन्त्रता दिएर राज्य संरचना सुदृढ गर्न सकिन्छ। सङ्घीयता जनताको नजिक सरकार पुर्‍याउने माध्यम हो।

त्यसैले स्थानीय तहलाई बलियो बनाउन आर्थिक स्वायत्तता अनिवार्य छ। संविधानको मर्मअनुसार समाजवादोन्मुख शासनको कार्यान्वयनका लागि सार्वजनिक संस्थानहरू पारदर्शी र उत्तरदायी हुनुपर्छ। शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी र सामाजिक सुरक्षामा समान अवसर सुनिश्चित नगरी समाजवादको लक्ष्य पूरा हुन सक्दैन। राजनीतिक नेतृत्वको पहिलो जिम्मेवारी अब जनविश्वास पुनःस्थापना गर्नु हो। व्यक्तिगत स्वार्थ र गुटगत हितभन्दा माथि उठेर सेवा-केन्द्रित राजनीति गर्नसके मात्र लोकतन्त्र बलियो हुन्छ। जनतासँग प्रत्यक्ष संवाद, पारदर्शीता र परिणाममुखी शासनको अभ्यासले मात्र लोकतन्त्रलाई सार्थक बनाउँछ।

नेपालको राजनीतिक यात्रा अहिले पुनर्विचारको चरणमा छ। प्रमुख दलहरू महाधिवेशनको तयारीमा छन्, नयाँ विचार र नयाँ पुस्ता प्रवेशको अपेक्षा बढेको छ। यी प्रक्रियाहरूले सङ्केत गर्छन् कि नेपाल नयाँ राजनीतिक चरणमा प्रवेश गर्दैछ। यदि दलहरूले यस अवसरलाई आत्मसुधार र जनसेवाको माध्यम बनाउँछन् भने नेपालको राजनीति स्थायित्व र रूपान्तरणको नमुना बन्न सक्छ। तर, पुनःअतीतका गल्तीहरू दोहोरिए भने नयाँ पुस्ताले आफ्नै बाटो रोज्नेछ, जुन अब अनिवार्य पनि देखिँदैछ।

नेपालमा राजनीतिक प्रयोग धेरै भयो, तर सबैको सिक्ने प्रवृत्ति कमजोर रह्यो। अब हरेक असफलतालाई शिक्षामा रूपान्तरण गर्न सक्नुपर्छ। यही प्रक्रिया नै नेपालको लोकतान्त्रिक अभ्यासको सार हो। नेपाल साँच्चिकै राजनीतिक पाठशाला हो। जहाँ गल्तीमै पनि सिकाइ छ, सङ्घर्षमै पनि सम्भावना छ। आज दलहरू अलमलमा छन्, तर समयले उनीहरूलाई आत्मसुधारको अवसर दिइरहेको छ।

नेपालको भविष्यको दिशानिर्देश अब स्पष्ट हुनुपर्छ। सुशासन, सामाजिक न्याय र समृद्धिको बाटोमा समाजवादोन्मुख नीति-व्यवहारलाई मूर्त रूप दिनुपर्छ। नेपालको राजनीतिक पाठशालाको अन्तिम सन्देश के हो भने राजनीति अब पदको होइन, परिवर्तन र जनसेवाको अभ्यास बन्नुपर्छ।

## *मेरो चरित्रहत्या ...*

फेसबुक पेजबाट मलाई बदनाम गर्ने गरी मेरो नाम र पद जोडेर एउटा युवती संग असोभनीय सम्वाद भएको भनी झुठो अडियो सार्वजनिक भयो, यो सबै म विरुद्ध सुनियोजित षडयन्त्र हो।"

आफ्नो थमौती भएको थाहा भएपछी मेसुका आकांक्षी अर्का एक डाक्टरको उक्साहटमा "पब्लिक खबर २४" का संचालक आदित्य अजय भनिने आदित्य मण्डलको मिलिभगतमा यस्तो प्रयास भएको दाबीका साथ उनले उक्त प्रकरणको सत्यतथ्य छानवीन गरी दोषी माथी कडा कारवाहीको माग समेत गरेका छन।

मेरो चरित्र हत्या गर्ने उद्देश्यले सम्प्रेषित उक्त साम्रगी तथ्यहिन रहेको दाबीका साथ उनले आफुले कहिल्यै कुनै युवतीसंग यस किसीमको असोभनिय वार्तालाप नगरेको स्पष्ट पारेका छन।

उनले आफुलाई बदनाम गर्ने गरी भ्रमपुर्ण अडियो तयार गरी सार्वजनिक गर्नेहरुलाइ कानुनी दायरामा ल्याउन न्यायका लागी संचारकर्मी हुदै स्थानीय प्रशासन र अदालत सम्म पुग्ने जनाएका छन।

# राष्ट्रिय परिचयपत्रका आधारमा मतदानको व्यवस्था मिलाऔँ : 'जेनजी फ्रन्ट'

काठमाडौँ, २१ कात्तिक (रासस)।

नेपाल 'जेनजी फ्रन्ट'ले राष्ट्रिय परिचयपत्रको तथ्याङ्कका आधारमा निर्वाचनमा केन्द्रमै 'बायोमेट्रिक्स' रुजु गरेर मतदान गर्ने व्यवस्था मिलाउन माग गरेको छ। मतदाता नामावली सङ्कलनमा देखिएको सीमितताले बालिग मतदातामा उत्साह नदेखिएको जनाउँदै फ्रन्टले आगामी निर्वाचनमा नागरिकको मताधिकार सुनिश्चित गर्न सरकार र निर्वाचन आयोगसँग माग गरेको हो।

"राष्ट्रिय परिचयपत्रमार्फत नागरिकले एकपटक बायोमेट्रिक्स विवरण दिइसकेको अवस्थामा त्यसैका आधारमा मतदान गर्न दिँदा फर्जी मतदानको समस्या नहुने र मतदातालाई समेत सहज हुने भएकाले जनमुखी र समाधानमुखी काम गर्न सम्बद्ध सबैमा अपिल गर्दछौँ", फ्रन्टका संयोजक रक्षा बमद्वारा शुक्रबार जारी विज्ञप्तिमा उल्लेख छ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि निर्वाचन आयोगले मतदाता नामावली सङ्कलन गरिरहेको छ। मतदाता नामावलीमा नाम दर्ताका लागि बायोमेट्रिक्स गर्न जिल्ला सदरमुकाम पुग्नुपर्ने जटिलताले मतदातामा उत्साह नथपेको संयोजक बमको भनाइ छ।

निर्वाचन आयोगले यही कात्तिक ३० गतेसम्म नयाँ मतदाता दर्ता गर्न सकिने जनाएको छ। अहिलेसम्म जम्मा एक लाख ३६ हजार मात्र नयाँ मतदाताले नामावली दर्ता गरेका छन्।

## विश्व समाचार

### भारतद्वारा सन् २०२७ का लागि डिजिटल जनगणनाको तयारी सुरु

नयाँदिल्ली, २१ कात्तिक (रासस/एएफपी)।

भारत सरकारले सन् २०२७ मा आयोजना गर्न लागिएको विश्वकै सबैभन्दा ठूलो र पहिलो पूर्ण डिजिटल जनगणनाको तयारी स्वरूप मोबाइल सफ्टवेयर प्रणालीको परीक्षण प्रारम्भ गरेको छ। यो जनगणना सन् २०११ पछि पहिलो हुनेछ र स्वतन्त्र भारतमा पहिलो पटक नागरिकहरूको जाति विवरण दर्ता गरिनेछ। जाति गणना अन्तिम पटक सन् १९३१ मा ब्रिटिश शासनकालमा गरिएको थियो। जाति गणनालाई राजनीतिक रूपमा संवेदनशील अभ्यासका रूपमा हेरिन्छ।

गृह मन्त्रालयका अनुसार दक्षिणी राज्य कर्नाटकका चयन भएका क्षेत्रहरूमा नोभेम्बर १० देखि २० दिनसम्म परीक्षण सञ्चालन गरिनेछ। उक्त परीक्षणले मोबाइल एपमार्फत डाटा सङ्कलन प्रणाली र आत्म-गणनाको वैकल्पिक विकल्पको कार्यक्षमता परीक्षण गर्नेछ। "यस परीक्षणको उद्देश्य विभिन्न भौगोलिक क्षेत्रहरू–सहरी क्षेत्रदेखि सीमित मोबाइल नेटवर्क भएका दुर्गम स्थानहरूसम्म–डिजिटल प्रणालीको कार्यक्षमता र विश्वसनीयताको मूल्याङ्कन गर्नु हो", मन्त्रालयले विज्ञप्तिमा उल्लेख गरेको छ, "यो अभ्यास परम्परागत कागज-आधारित प्रणालीलाई विस्थापित गर्दै भारतको पहिलो पूर्ण डिजिटल जनगणनातर्फको ऐतिहासिक कदम हो।" डिजिटल जनगणनाको तयारी भारतका लागि ठूलो प्राविधिक र व्यवस्थापकीय चुनौती पनि हो। सन् २०२४ को आमनिर्वाचनमा देशले इलेक्ट्रोनिक मतदान प्रणाली अपनाएको थियो र यो छ हप्तासम्म सात चरणमा सम्पन्न भएको थियो। तर जनगणना भने देशव्यापी रूपमा एकै पटक सम्पन्न गर्नुपर्ने भएकाले यो झन् जटिल कार्य हुनेछ। मुख्य गणना सन् २०२७ मार्च १ मा सुरु हुने तय गरिएको छ। यद्यपि, हिमालयका उच्च उचाइ क्षेत्रहरू–हिमाचल प्रदेश, उत्तराखण्ड, लद्दाख र जम्मू-काश्मीरका विवादित क्षेत्रहरूमा–हिमपात सुरु हुनु अघि नै सन् २०२६ अक्टोबर १ देखि जनगणना सुरु गरिनेछ। भारतमा जाति सामाजिक संरचनाको शक्तिशाली निर्धारक मानिन्छ। यसले नागरिकहरूको सामाजिक हैसियत, शैक्षिक अवसर र स्रोत-साधनप्रतिको पहुँचमा गहिरो प्रभाव पार्दछ। अनुमानअनुसार भारतको करिब एक अर्ब ४० करोड जनसङ्ख्यामध्ये दुई तिहाइभन्दा बढी व्यक्ति ऐतिहासिक रूपमा वञ्चित समुदायमा पर्ने विश्वास गरिन्छ। सहस्राब्दी पुरानो हिन्दू सामाजिक पदानुक्रमले मानिसहरूलाई कार्य र सामाजिक स्थितिका आधारमा वर्गीकृत गरेको पाइन्छ।

प्रधानमन्त्री नरेन्द्र मोदीको भारतीय जनता पार्टी (भाजपा) ले विगतमा जाति-आधारित गणनाको विरोध गर्दै यस्तो अभ्यासले सामाजिक विभाजनलाई गहिरो बनाउने तर्क गरेको थियो। तर, यस वर्ष मे महिनामा सरकारले नयाँ सर्वेक्षणलाई समर्थन प्रदान गरेको छ। समर्थकहरूले विस्तृत जनसाङ्ख्यिकीय तथ्याङ्क सामाजिक न्यायका कार्यक्रमहरूका लागि अत्यावश्यक हुने बताउँदै आएका छन्। यसमा विश्वविद्यालयका सिटहरू र सरकारी सेवामा सामाजिक रूपमा वञ्चित समुदायका लागि आरक्षण व्यवस्था थप प्रभावकारी बनाउन सकिने अपेक्षा गरिएको छ। अघिल्ला सरकारहरूले प्रशासनिक जटिलता र सम्भावित सामाजिक अशान्तिको डर देखाउँदै जाति सम्बन्धी तथ्याङ्क अद्यावधिक गरेका थिएनन्। साथै, सन् २०११ को जनगणनासँगै गरिएको जाति सर्वेक्षणको नतिजा अधिकारीहरूले त्रुटिपूर्ण भएको बताउँदै सार्वजनिक गरेका थिएनन्। भारतले यसपटकको डिजिटल जनगणनालाई राष्ट्रिय प्रशासनिक प्रणालीको आधुनिकीकरणतर्फको ऐतिहासिक मोडका रूपमा हेरेको छ।

### इरानमाथि लगाइएका प्रतिबन्ध हटाउन राष्ट्रपति ट्रम्प 'खुला'

वासिङ्टन, २१ कात्तिक (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार इरानमाथि लगाइएका कडा अमेरिकी प्रतिबन्धहरूबारे छलफल गर्न आफू खुला रहेको बताउनुभएको छ। उहाँका अनुसार तेहरानले बारम्बार ती प्रतिबन्धहरू हटाउन माग गर्दै आएको छ। मध्य एसियाली नेताहरूसँगको रात्रिभोजका क्रममा राष्ट्रपति ट्रम्पले भन्नुभयो, "स्पष्ट रूपमा भन्नुपर्दा, इरानले प्रतिबन्धहरू हटाउन सकिन्छ कि भनेर सोधिरहेको छ। उनीहरू अत्यन्त कठोर अमेरिकी प्रतिबन्धको चपेटामा छन्, जसले उनीहरूको स्थिति साँच्चै कठिन बनाएको छ। म यो विषय सुन्नका लागि खुला छु र के हुन्छ भनेर हेर्नेछौँ, तर म यसबारे छलफल गर्न इच्छुक छु।"

संयुक्त राज्य अमेरिका र पश्चिमी मुलुकहरूले लामो समयदेखि इरानमाथि आणविक हतियार प्राप्त गर्ने प्रयास गरेको आरोप लगाउँदै आएका छन्, तर इरानले आफ्नो आणविक कार्यक्रम पूर्णतः शान्तिपूर्ण उद्देश्यका लागि भएको दाबी गर्दै आएको छ। सन् २०१८ मा अमेरिका तत्कालीन अन्तर्राष्ट्रिय आणविक सम्झौताबाट पछि हटेपछि र पुनः कठोर आर्थिक प्रतिबन्धहरू लागू गरेपछि इरान वर्षौंको अन्तर्राष्ट्रिय नाकाबन्दीमा परेको थियो। यस वर्ष जुन महिनाको मध्यतिर इजरायलले इरानविरुद्ध अभूतपूर्व हवाई आक्रमण अभियान सुरु गरेपछि युद्ध भड्किएको थियो। सो आक्रमणका क्रममा अमेरिकाले पनि केही समयका लागि इजरायलको पक्षमा इरानी आणविक स्थलहरूमा आक्रमणमा भाग लिएको देखिएको थियो।

१२ दिन लामो उक्त युद्धमा इजरायली बमबारीको प्रत्युत्तरमा इरानले मिसाइल र ड्रोन आक्रमण गरेको थियो, जसका कारण तेहरान र वासिङ्टनबीच अप्रिलमा सुरु भएको आणविक वार्ता स्थगित भएको थियो। राष्ट्रपति ट्रम्पले भन्नुभयो, "इरान एक समय मध्यपूर्वको 'बदमाशी' राष्ट्र थियो, तर अहिले त्यसले आणविक हतियारको सम्भावना गुमाइसकेको छ।" जनवरीमा दोस्रो कार्यकालका लागि पदभार ग्रहण गरेपछि उहाँले हालको आक्रमणले इरानको आणविक कार्यक्रमलाई पूर्ण रूपमा नष्ट गरेको बारम्बार दाबी गर्दै आउनुभएको छ, यद्यपि क्षतिको वास्तविक स्तर अझै स्पष्ट भएको छैन। गत सेप्टेम्बरमा संयुक्त राष्ट्रसङ्घले बेलायत, फ्रान्स र जर्मनीको पहलमा 'स्न्यापब्याक' संयन्त्रमार्फत तेहरानविरुद्धका पुराना प्रतिबन्धहरू पुनः लागू गरेको थियो। ती प्रतिबन्धले इरानको आणविक र ब्यालिस्टिक क्षेप्यास्त्र गतिविधिसँग सम्बन्धित सबै आर्थिक कारोबारलाई रोक लगाएका छन्। अमेरिका-इरानबीचको आणविक वार्ताका धेरै चरणको संयोजन गरिसकेको ओमानले पुनः दुवै पक्षलाई वार्तामा फर्किन आग्रह गरेको छ। वार्ताको उद्देश्य नयाँ सम्झौता तर्जुमा गर्नु हो, जसअन्तर्गत इरानले आफ्नो आणविक गतिविधि सीमित गर्ने सर्तमा प्रतिबन्धहरूको केही राहत पाउनेछ। राष्ट्रपति ट्रम्पले भन्नुभएको छ, "यदि इरानले शान्तिपूर्ण बाटो रोज्छ भने, भविष्यमा सहकार्यका ढोका खुला रहनेछ।"

# एक जना पनि घाइते नहुने गरी निर्वाचन गराउन सरकार प्रयासरत छ : प्रधानमन्त्री

काठमाडौँ, २१ कात्तिक (रासस) ।
प्रधानमन्त्री सुशीला कार्कीले एकथोपा रगत नबग्ने र एक जना पनि घाइते नहुने गरी निर्वाचन गराउन आफू प्रयासरत रहेको बताउनुभएको छ ।

द एसियन नेटवर्क फर फ्रि इलेक्सन्स (आन्फ्रेल) को प्रतिनिधिमण्डलसँग बिहीबार भएको भेटमा प्रधानमन्त्री कार्कीले शान्तिपूर्ण र भयरहित वातावरणमा स्वच्छ र निष्पक्ष चुनाव गराउन सरकार प्रतिबद्ध रहेको पनि जानकारी दिनुभयो । आन्फ्रेल थाइल्याण्डको बैंककमा सचिवालय रहेको अन्तरराष्ट्रिय पर्यवेक्षकहरुको सञ्जाल हो ।

सचिवालयका कार्यकारी निर्देशक ब्रिजा रोसालेसको नेतृत्वको टोली अहिले नेपालको निर्वाचन वातावरणको मूल्याङ्कन गर्न काठमाडौँ आइपुगेको छ ।

लामो समय न्यायाधीश र प्रधानन्यायाधीशका रुपमा काम गरेको व्यक्तिको नेतृत्वको सरकार भएकाले यसले स्वतन्त्र र निष्पक्ष निर्वाचन गराउने भन्नेमा आफूहरु विश्वस्त रहेको प्रतिनिधिमण्डलका सदस्यहरुले बताउनुभयो ।

"तपाईंको लामो समयदेखिको न्यायिक अनुभवले स्वतन्त्र र निष्पक्ष निर्वाचनमार्फत राजनीतिक पुनःसंरचना सम्भव हुने देखेका छौँ र त्यसले लोकतान्त्रिक संस्थालाई जोगाउनेछ", प्रतिनिधिमण्डलको भनाइ थियो । प्रधानमन्त्री कार्कीले पनि अन्तरराष्ट्रिय पर्यवेक्षकले चासो देखाएपछि निर्वाचन सुरु भइसकेको अनुभूति गराएको प्रतिक्रिया दिनुभयो ।

प्रधानमन्त्री कार्कीले भन्नुभयो, "हाम्रो मुख्य उद्देश्य नै चुनाव गराउनु हो, यसैमा केन्द्रित छौँ । स्वस्थ निर्वाचनको वातावरण बनाउन नागरिक समाज र पर्यवेक्षकको पनि भूमिका रहन्छ । यहाँहरुको उपस्थितिले निर्वाचन सुरु भइसकेको अनुभूति गराएको छ ।"

आन्फ्रेल प्रतिनिधिहरुसँगै नेपालको निर्वाचन पर्यवेक्षकको सञ्जाल नियोकका पदाधिकारी तथा सदस्य पनि हुनुहुन्थ्यो । उहाँहरुले यसपाली पहिलोपल्ट मतदान गर्ने युवा मतदातामा व्यापक उत्साह देखिएकाले मतदाता शिक्षामा विशेष जोड दिन सुझाव पनि दिनुभयो । सरकारले आगामी फागुन २१ गते तोकिएको निर्वाचन सम्पन्न गराउन तयारी तीव्र पारेको छ ।

# 'जेनजी'को चाहना पूरा गर्न प्रहरीले सहयोग गर्छः प्रहरी अतिरिक्त महानिरीक्षक कार्की

काठमाडौँ, २१ कात्तिक (रासस) ।
काठमाडौँ उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक दानबहादुर कार्कीले विकास निर्माण, सुशासन र भ्रष्टाचाररहित समाज निर्माण गर्ने जेनजीको चाहनालाई प्रहरीले पूरा गर्ने बताउनुभएको छ ।

'जेनजी' आन्दोलनका क्रममा आगजनी भएको प्रहरी प्रभाग नयाँ बसपार्कको भवन पुनर्निर्माण तथा हस्तान्तरण कार्यक्रममा उहाँले जेनजी आन्दोलनको अपेक्षा आम नागरिकको अपेक्षा भएकाले यसलाई पूरा गर्न प्रहरीले प्रयास गर्ने बताउनुभयो ।

प्रहरी अतिरिक्त महानिरीक्षक कार्कीले गोँगबु र नयाँबसपार्क क्षेत्र सुरक्षाको दृष्टिकोणले एकदमै संवेदनशील क्षेत्र भएकाले यस क्षेत्रको सुरक्षाका लागि प्रहरीसँगै नागरिकको पनि भूमिका अपरिहार्य रहेको उल्लेख गर्नुभयो । "गोँगबु क्षेत्रमा दैनिक आठदेखि १० हजार मानिसहरू आवतजावत गर्ने गरेका छन्, प्रत्येक नागरिकको सुरक्षा गर्ने दायित्व राज्य र नेपाल प्रहरीको हो," उहाँले भन्नुभयो । जहाँ धेरै मानिसको आवतजावत हुन्छ त्यहाँ धेरै अपराध हुने गरेको उहाँको भनाइ छ ।

प्रहरी अतिरिक्त महानिरीक्षक कार्कीले जेनजी आन्दोलनका क्रममा उपत्यकाभित्रका १९३ प्रहरी कार्यालयमा क्षति भएकामा हालसम्म १८० भवन नागरिकको सक्रियतामा पुनर्निर्माण भइसकेको बताउनुभयो । उहाँले नयाँ भवनबाट प्रहरीले उच्च मनोबलका साथ काम गर्ने विश्वास व्यक्त गर्नुभयो ।

टोखा नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले समुदाय स्तरबाट प्रहरी भवन बनेर समाजप्रति प्रहरीको औचित्यलाई पुष्टि गरेको बताउनुभयो ।

कार्यक्रममा प्रहरी प्रभाग नयाँबसपार्कको भवन पुनर्निर्माणमा सहयोग गर्ने विभिन्न सङ्घसंस्थालाई सम्मान गरिएको थियो ।

# राजस्व चुहावटमा देखिएको कमजोरी आपसी समन्वयबाट समाधान गर्नुपर्छ : अर्थमन्त्री खनाल

पर्सा, २१ कात्तिक (रासस) ।
अर्थमन्त्री रामेश्वरप्रसाद खनालले राजस्व चुहावटमा देखिएका कमीकमजोरी सरोकार भएका निकायसँग आवश्यक सहकार्य र समन्वय गरी समाधान गर्नुपर्नेमा जोड दिनुभएको छ ।

शुक्रबार वीरगञ्ज भन्सार कार्यालयमा भएको राजस्व चुहावट नियन्त्रण समन्वय समितिको बैठकमा अर्थमन्त्री खनालले चोरीतस्करी नियन्त्रणका लागि सरोकार भएका निकायबीच समन्वय गरेर काम गर्न सबैलाई अनुरोध गर्नुभयो । उहाँले झोलेपोके तस्करीलाई बाटोमा समात्नेभन्दा पनि जहाँ पुऱ्याइन्छ सोही ठाउँबाट नियन्त्रण लिन सरोकार भएका निकायलाई निर्देशन दिनुभयो ।

"दैनिक गुजरा चलाउनका लागि सरसमान ल्याउने र तस्करी गर्नेबीच छुट्याएर आवश्यक कारबाही प्रक्रिया अघि बढाउनका लागि अनुरोध गर्दछु", अर्थमन्त्री खनालले भन्नुभयो । राज्यका सबै निकायले एकापसमा समन्वय र सहकार्य गरेर राजस्व चुहावट नियन्त्रणमा प्रभावकारी कदम चाल्नुपर्ने उहाँले धारणा व्यक्त गर्नुभयो ।

"सबै निकाय एउटै हौँ । परस्पर प्रतिस्पर्धी होइनौँ । राजस्वको जिम्मेवारी अर्थमन्त्रालयको मात्रै नभएर राज्यका सबै निकायको हो । त्यसैले हातेमालो गरेर काम गर्न जरुरी छ", मन्त्री खनालले भन्नुभयो, "राजस्व चुहावटमा देखिएका कमीकमजोरी संयुक्त रूपमा मिलेर समाधान गर्नका लागि निर्देश गर्दछु ।"

अर्थमन्त्री खनालले स्थानीय प्रशासन, भन्सार कार्यालय, तीनवटै सुरक्षा संयन्त्रसहित सरोकार भएका सबै निकायबीच एकापसमा समन्वय र सहकार्य गरी अवैध चोरीपैठारी र निकासी रोक्न प्रभावकारी काम गर्नुपर्नेमा जोड दिनुभयो । "तीनवटै सुरक्षा निकायले पनि सूचना समन्वयमा सहकार्य गर्न जरुरी छ", उहाँले भन्नुभयो, "सुरक्षा निकायबाट बरामदी लक्ष्य बढाउने विषय पनि त्यति राम्रो होइन । सोतर्फ ध्यान दिन आग्रह गर्दछु ।"

अर्थमन्त्री खनालले सीमामा बस्ने कर्मचारी तथा राजस्वसँग सम्बन्धित कर्मचारीहरूले सेवाग्राहीसँग बोली र व्यवहारमा नम्र र सभ्य व्यवहार गर्नुपर्ने बताउनुभयो । सेवाग्राहीका लागि हामी खटिएकाले उहाँहरूको भावनाअनुसार काम गर्न सबै कर्मचारीलाई उहाँले आह्वान गर्नुभयो ।

अर्थमन्त्रालयका महाशाखा प्रमुख उत्तरकुमार खत्रीले चोरीतस्करी नियन्त्रण गर्ने अहिले उपयुक्त समय भएको बताउनुभयो । "अहिले काम गर्नका लागि कुनै पनि राजनीतिक दबाब र प्रभाव नआउने भएकाले पनि सही ढङ्गले कार्यसम्पादन गर्न अनुरोध गर्दछु", उहाँले भन्नुभयो, "राजस्व चुहावट नियन्त्रणमा सक्रिय भई लाग्न निर्देश गर्दछु ।"

राजस्व अनुसन्धान विभागका महानिर्देशक तीर्थराज चिलुवालले सीमा क्षेत्रबाट हुने तस्करी नियन्त्रणका लागि प्रभावकारी कदम चाल्न सरोकार भएका सबैसँग अनुरोध गर्नुभयो । भन्सार विभागका महानिर्देशक श्यामप्रसाद भण्डारीले राजस्व चुहावट नियन्त्रणका लागि संयुक्त प्रयास जरुरी रहेकामा जोड दिनुभयो ।

पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले राजस्व चुहावट नियन्त्रणका लागि सरोकार भएका निकायसँग सहकार्य र समन्वय गरी योजनाबद्ध कदम चाल्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले वीरगञ्ज भन्सार कार्यालयको राजस्व सङ्कलन उत्साहजनक भएको बताउनुभयो । "चालु आवको तीन महिनामा लक्ष्यको ८९ प्रतिशत राजस्व सङ्कलन भएको छ", उहाँले भन्नुभयो, "गत आवको तीन महिनाको तुलनामा राजस्व सङ्कलन १२ दशमलव ३४ प्रतिशतले बृद्धि भएको छ ।"

### 'नवजात ...

अत्यावश्यक रहेको बताउँदै डायबेटिक रेटिनोप्याथी समयमै पत्ता लागे दृष्टिविहीन हुनबाट बचाउन सकिने बताउनुभयो ।

"अन्तरराष्ट्रिय डायबेटिज सङ्घका अनुसार हरेक नौ जनामध्ये एक जनामा मधुमेह देखिने गरेको र सो का कारण डायबेटिक रेटिनोप्याथी अर्थात् मधुमेहका कारण आँखाको पर्दामा हुने समस्या/रोग हुने सम्भावना बढ्दछ, जसको उपचार समयमा नभए व्यक्तिमा अन्धोपन निम्त्याउन सक्छ", उहाँले भन्नुभयो । डा थापाका अनुसार सन्तुलित आहार, नियमित व्यायाम र स्वस्थ जीवनशैलीले मधुमेह नियन्त्रणमा महत्वपूर्ण भूमिका खेल्छ ।

तिलगङ्गा आँखा प्रतिष्ठानले अन्तरराष्ट्रिय रुपमा मनाइने विश्व मधुमेह दिवस (नोभेम्बर १४) र समय अघि नै जन्मिएका नवजात शिशुसम्बन्धी दिवस (नोभेम्बर १७) को अवसरमा यस वर्ष सप्ताहव्यापी रुपमा विविध कार्यक्रम आयोजना गर्दैछ ।

# औषधि अभाव हुँदा सेवाग्राही मर्कामा

सिरहा, २१ कात्तिक (रासस) ।
लहानस्थित रामकुमार शारडा उमाप्रसाद मुरारका प्रादेशिक अस्पतालमा तीन महिनादेखि स्वास्थ्य बिमाअन्तर्गत निःशुल्क उपलब्ध हुने औषधिअभाव भएको छ ।

सरकारले स्वास्थ्य बिमा गराई उपचार गर्ने बिरामीलाई रु एक लाखसम्मको उपचार र औषधि निःशुल्क दिने व्यवस्था गरे पनि यहाँ औषधि नपाउँदा सेवाग्राहीमारमा परेका हुन् ।बिमा गराएका सेवाग्राहीले जाँचपछि चिकित्सकले लेखिदिएको औषधि अस्पतालको औषधिकक्षमा लिन जाँदा नपाएको गुनासो गरेका छन् ।

लहान नगरपालिका-२२ की पार्वती चौधरीले भन्नुभयो, "चिकित्सकले लेखिदिएको औषधि अस्पतालको मेडिकलमा लिन जाँदा पाइएन ।"

लहान नगरपालिका-२३ का योगेन्द्र यादवले नियमित औषधि सेवन गर्नुपर्ने बिरामीले किनेर खान बाध्य भएका बताउनुभयो ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट (मेसु) रञ्जितकुमार झाले औषधि अभावको मुख्य कारण स्वास्थ्य बिमा दाबीको भुक्तानी नहुनु रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "सरकारी अस्पतालमा बिमाको सुविधा भए पनि बिमा दाबीको भुक्तानी नहुँदा औषधि खरिद गर्न सकिएको छैन ।"


अस्पताललाई करिब रु एक करोड बिमा रकम भुक्तानी गर्न बाँकी रहेकाले औषधि खरिद गरी वितरण गर्न नसकिएको मेसु झाले जानकारी दिनुभयो । उहाँका अनुसार, अस्पतालले बिरामीका लागि हाल एक सय शय्या बराबरको सुविधा दिइरहेको छ । तर, केन्द्र र प्रदेशबाट यथेष्ट सहयोग नहुँदा र बिमा रकमको भुक्तानी रोकिएकाले अस्पताल सञ्चालनमा कठिनाइ भएको छ । अस्पताल विकास समितिबाट जेनतेन गरी सेवा दिइएको उहाँको भनाइ छ ।

मेसु झाले बिमाको रकम प्राप्त हुनासाथ औषधि खरिद गरी वितरण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । हाल दैनिक तीन सयदेखि ४०० बिरामीलाई सेवा दिइरहेको अस्पतालले बिमाबाट औषधिबाहेकका अन्य सेवाभने नियमित रूपमा दिइरहेको छ ।

## माइग्रेशन हराएको सूचना

जिल्ला सप्तरी बोदेबरसाइन नगरपीलका वडा नं. ५ वस्ने जाबेद अखतरको NEB Registration No. 761506165 भएको Migration Certificate २०८२ असोज १० गते राजविराजबाट बोदेबरसाइनतर्फ जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तल उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरि बुझाइदिनु हुन हार्दिक अनुरोध छ ।

**आग्रहकर्ता : जाबेद अखतर**
**ठेगाना : बोदेबरसाइन ५, सप्तरी**
**मोबाइल नं. ९८२७७२५२५९**




**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*